कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
नेपाल

## IT सामाग्री खरिद सम्बन्धी सिलबन्दि दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७।१०।०६ गते

यस कटारी न. पा.का लागि IT सामाग्री खरिद गर्न दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सम्बन्धित इच्छुक फर्म/कम्पनी, सप्लायर्सहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस कटारी नगर पालिकाको कार्यालय, कटारी, उदयपुरमा सम्पर्क राखी निम्न शर्तहरुको अधिनमा रही सिलबन्दि दरभाउपत्र खरिद गर्न यो सूचना प्रकाशित गरिएको छ।

१) दरभाउपत्र फाराम खरिद गर्न नविकरण गरिएको फर्म तथा कम्पनी दर्ता प्रमाण पत्र, Computer सम्बन्धी कारोबार गर्ने ईजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र र मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र तथा आ.व.०७६/०७७ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले **१५** औं दिन सम्म कार्यालय समय भित्र **रु. १०००।- अक्षरेपी रु. एक हजार मात्र** (फिर्ता नहुने गरी) जम्मा गरेको **सक्कलै** रसिद निबेदनसाथ संलग्न राखी दरभाउपत्रदाता स्वयं उपस्थित भई वा निजको आधिकारिक मञ्जुरीनामा सहितको अधिकृत प्रतिनिधीले दरभाउपत्र खरिद गर्न सक्नेछ।

२) खरिद गरेको सिलबन्दि दरभाउपत्र रितपुर्वक भरी प्रथम पटक प्रकाशित भएको मितिले **१६** औं दिनको **१२** बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ। बोलपत्र हुलाक ,कुरियर मार्फत पनि तोकिएको स्थानमा निर्धारित समय भित्र दाखिला भएमा मात्र दर्ता गरिनेछ। म्याद भित्र दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारम सोहि दिनको २ बजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। सिलबन्दि दरभाउपत्र दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्नमा बाधा पर्नेछैन।

३) सिलबन्दि दरभाउपत्रमा जमानत वापत आफुले कबोल गरेको कुल अंकको **२.५ प्रतिशत (अढाई प्रतिशत)** ले हुन आउने रकम बैंक जमानत वा यस कटारी न.पा. कार्यालयको नाममा रा.बा.बैंक, कटारीमा रहेको धरौटी खाता नं. **२०५०१००३०३००००००२** मा नगद जम्मा गरी सो को सक्कलै बैंक भौचर दरभाउपत्र साथ पेश गर्नु पर्ने छ वा कम्तिमा १२० दिन म्याद भएको जमानत पत्र (विडवण्ड) सक्कल प्रति पेश गर्नुपर्नेछ।

४) सिलबन्दि दरभाउपत्र दर्ता गर्ने, खोल्ने दिन सार्वजनिक बिदा परेको खण्डमा सोको भोलिपल्ट कार्यालय समयभित्र खोलिनेछ।

५) दरभाउपत्र स्वीकृत भएको सुचना दिएको १५ दिन भित्र सम्झौता गर्न आउनु पर्नेछ र सम्झौता गर्न आउँदा कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम बराबरको मान्यता प्राप्त बैंकबाट जमानत पत्र वा उल्लेखित धरौटी खातामा रकम जम्मा गरेको सक्कलै भौचर कार्य सम्पादन जमानत वापत पेश गर्नुपर्नेछ। नगद जमानत राखेकोमा पछि बैंक जमानतमा परिणत गर्न पाईनेछैन।

६) दरभाउपत्र दाताले कबोल गरेको दर भाउ अंक र अक्षरमा केरमेट नगरी,स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको दरलाई मान्यता दिईनेछ। केरमेट वा थपघट गर्नुपर्ने भएमा बुझिने गरी सो काटिएको वा थपिएको ठाउँमा आधिकारिक ब्यक्ति को हस्ताक्षर हुनुपर्नेछ।

७) सिलबन्दि दरभाउपत्रदाताले दरभाउपत्र खरिद गर्दा सम्बन्धित कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लागेको दरभाउपत्र फारम खरिद गर्नु पर्नेछ। आधिकारिक दस्तखत र कार्यालयको छाप नलागेको दरभाउपत्र फाराम मान्य हुनेछैन।

८) रित नपुगेको, म्याद नाघि आएको वा कुनै किसिमको शर्त राखी प्राप्त हुन आएको सिलबन्दि दरभाउपत्र माथी कुनै कारबाही हुने छैन।

९) पेश हुन आएका दरभाउपत्रहरुको स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ। साथै दरभाउपत्रमा उल्लेखित भएका फिचरहरु थपघट हुन सक्नेछ।

१०) कार्यालयमासँग सहकार्य गरि स्वयम् उपस्थित भइ कटारी न. पा.मा उपलब्ध गराउनु पर्ने छ। साथै सम्झौता गरिएको दिनवाट १५ दिन भित्र क. न. पा. मा हस्तान्तरण गरि सक्नु पर्ने छ।

११) एक बिक्रेताको नाउँमा विक्री भएको दरभाउपत्र अर्को विक्रेताको नाउँमा दाखिला गर्न पाउने छैन।

१२) यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु **सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावलि, २०६४** तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ।

१३) सिलबन्दि दरभाउपत्र सम्बन्धि अन्य कुरा बुझनु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझन सकिनेछ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | धरौटी रकम | दरभाउपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ०१ | ०९-२०७७/०७८ | IT सामाग्री (Computer, Printer, Scanner, Dongle) | कबोल गरेको कुल अंकको २.५ प्रतिशत | रु. १००० | मु.अ.कर सहित |

प्रमुख प्रशासकीय अधिकृत

नोट :- सूचनामा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित नियम कानूनवमोजिम हुनेछ। दरभाउपत्र सम्वन्धी अन्य कुरा बुझ्न परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ।